बैठक संख्या : ८६

मिती : २०७७।१२।०९ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान का.वा. मोतीमाया लामा

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

अधिकृत छैठौ श्री सारदा देवी शर्मा

क.अ. श्री रमेश चौधरी

श्री गोमा दाहाल

मिति २०७७।१२।०९ बैठक संख्या : ८६

**प्रस्तावहरु**

१. प्रारम्भिक बातावरणीय परिक्षणको अन्तिम प्रतिवेदन सम्बन्धमा ।

२. MWASH Plan कार्य्रकम सम्बन्धमा ।

३. बुद्धशान्ति क्याम्पसको शैक्षिक सुधारमा अनुदान व्यवस्था सम्बन्धमा ।

४. सि.अ.हे.व. श्री इन्द्र लाल न्यौपानेको आर्थिक सहयोग सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रारम्भिक बातावरणीय परिक्षणको अन्तिम प्रतिवेदन सिग्मा सर्भिस प्रा.लि. भरतपुरबाट कार्यपालिका बैंठक प्रस्तुत भएको र सो विषयमा वृहत छलफलबाट उक्त प्रतिवेदन स्वीकृत गरि कार्य अघि बढाउने निर्णय गरियो । साथै IEE गरेको खोलाहरु मध्य हाललाई लोथर र सुख्खा खोला टेण्डर प्रक्रियाबाट जादा नभ्याउने हुँदा नदीजन्य पदार्थको बैंठक बसी नगरपालिकाले विल काट्ने गरि अमानतमा नगरको योजनाका लागि नकरात्मक वातावरणीय असर नपर्ने गरी नदीजन्य पदार्थ उत्खनन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

MWASH Plan कार्यक्रम खानेपानी तथा सरसफाइ अन्तर्गत विभिन्न वडामा तथ्याङ्क संकलन तथा सोही अनुसार रणनितिक योजना बनाउने हुँदा सो कार्यक्रम संचालन गर्न राप्ती नगरपालिका चितवन र नगरपालिका संघ बीच काम गर्ने सम्झौता समेत भइ सकेकोले सो सम्झौतामा उल्लेख भए अनुसार खानेपानीको क्षेत्र आवश्यक कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

बुद्धशान्ति क्याम्पसको शैक्षिक सुधार अनुदान विषयमा छलफल गर्दा क्याम्पसको आयस्रोत निकै कम तथा सो क्याम्पसमा अध्ययरत विद्यार्थीहरु अति विपन्न परिवारको छोरीबुहारीहरु रहेको र विद्यार्थीले सो सामुदायिक क्याम्पसमा मासिक शुल्क तिर्न नसक्ने हुँदा शिक्षकको पारिश्रमिक व्यवस्था गर्न नसकेको हुँदा विद्यार्थी भर्नामा एक न्यून आम्दानी भएकोले सो विद्यालयको शैक्षिक सुधार गर्न यस नगरपालिकाको न.पा. चालु विविध कार्यक्रम शिर्षकबाट रु.१० लाख मात्र लजिष्टिक अनुदानको रुपमा सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

राप्ती नगरपालिका अन्तर्गत वासवाङ स्वास्थ्य चौकीमा पदस्थापन भइ हाल विरेन्द्रनगर स्वास्थ्य चौकीमा कामकाजमा कार्यरत सि अ हे व श्री इन्द्रलाल न्यौपाने कार्यालय कामको सिलसिलामा सवारी दुर्घटना भइ हाल उपचारत रहेको र निजको उपचारमा धेरै खर्च भइ रहेको र अझै पनि उपचार हुन बाँकी रहेकोले निजलाई उपचारमा सहयोग स्वरुप यस नगरपालिकाको विषद व्यवस्थापन शिर्षकबाट रु.५० हजार सहयोग गर्ने निर्णय गरियो ।